आज मिति २०७७/०४/२२ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५५ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री मान बहादुर खड्का.....................प्रमुख प्रसासकिय अधिकृत

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

**आमन्त्रित**

श्री रामचन्द्र पौडेल .................. उपसचिव (शिक्षा )

श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत बैठक ब्यबस्थापक

मिति २०७७/०४/२२
समय :दिनको २:०० बजे
स्थान : महांकाल सदन

## ५५ औँ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१:-** आ.व. ०७६/७७ को नीति तथा कार्यक्रममा छलफल गरी कार्यपालिका स्तरीय समीक्षा सहित आवश्यक परिमार्जन गरी मिति २०७७/०४/२३ गते हुने नगरस्तरी बार्षिक समीक्षामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**(क) :-प्रस्ताव नं. २ माथि छलफल गर्दा सेवा करारमा रहेका जनशक्ति मध्य आ.व. ०७६/७७ को कार्य सम्पादन सन्तोषजनक रही कार्यबोझ समेत देखिएकोले कार्यालय सहयोगी रमा न्यौपाने र शिवशंकर बस्नेतलाई कार्यालय सहयोगीस्तर पहिलो तहको सेवा सुबिधा भुक्तानी हुने गरी २०७७ पौष मसान्तसम्मका लागि सेवा करार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**(ख) प्रस्ताव नं.२ माथि छलफल गर्दा सेवामा करार रहेका जनशक्ति मध्य आ.व. ०७६/७७ को कार्य सम्पादन सन्तोषजनक रहेका तपशिलका कर्माचारीहरुको साबिक बमोजिमकै सेवा सुबिधा पाउने गरी २०७७ श्रावण १ गते देखि २०७७ पौष मसान्तसम्मका लागि सेवा करार थप गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | पद | शाखा / कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | ई. नहकुल श्रेष्ठ | इन्जिनियर | योजना तथा प्राबिधिक | नगरपालिका |
| २ | राजुनारायण श्रेष्ठ | सव-इन्जिनियर | वडा नं. २ | नगरपालिका |
| ३ | कविता बराईली | अ.सव-इन्जिनियर | वडा नं. ३ | नगरपालिका |
| ४ | हरिशरण दाहाल | अ.सव-इन्जिनियर | वडा नं. ६ | नगरपालिका |
| ५ | बिकास गौतम | अ.सव-इन्जिनियर | वडा नं. १ | नगरपालिका |
| ६ | चित्र बहादुर श्रेष्ठ | अ.सव-इन्जिनियर | वडा नं. ९ | नगरपालिका |
| ७ | रबिना खड्का | सहायक कम्प्युटर अपरेटर | कर तथा राजश्व | नगरपालिका |
| ८ | अर्जुन बहादुर लामा | सामाजिक परिचालक | प्रशासन | स्थानीय विकास कार्यक्रमबाट नियुक्त (LDF ) |
| १० | लिला बहादुर तामांग | सामाजिक परिचालक | वडा नं. ३ | |
| ११ | पार्वती श्रेष्ठ | सामाजिक परिचालक | वडा नं. २ | |
| १२ | प्रकाश सुबेदी | सामाजिक परिचालक | वडा नं. १ | |
| १३ | ओम प्रकाश राउत | नगर प्रहरी | | नगरपालिका |
| १४ | राजिब बि.क | नगर प्रहरी | | नगरपालिका |
| १५ | महेन्द्र बहादुर श्रेष्ठ | नगर प्रहरी | | नगरपालिका |
| १६ | रेखा लामा | नगर प्रहरी | | नगरपालिका |
| १७ | शंकर खत्री | सवारी चालक | | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| १८ | श्याम कुमार खड्का | सवारी चालक | | नगरपालिका |
| १९ | हरिबहादुर खत्री | ब्याक्हो लोडर अपरेटर | | नगरपालिका |
| २० | गोपी थामी, | कार्यालय सहयोगी | वडा नं. १ | वडा कार्यालय |
| २१ | सावित्री थामी | कार्यालय सहयोगी | वडा नं. २ | वडा कार्यालय |
| २२ | रमा सापकोटा | कार्यालय सहयोगी | वडा नं. ४ | वडा कार्यालय |
| २३ | ठुली तामांग | कार्यालय सहयोगी | वडा नं. ७ | वडा कार्यालय |
| २४ | इन्द्र बहादुर तामांग | कार्यालय सहयोगी | वडा नं. ८ | वडा कार्यालय |
| २५ | प्रेम बहादुर कार्की | कार्यालय सहयोगी | वडा नं. ८ | वडा कार्यालय |
| २६ | मन्जु खत्री सुबेदी | कार्यालय सहयोगी | | नगरपालिका |
| २७ | करुणा थापा | कार्यालय सहयोगी | | नगरपालिका |
| २८ | शंकर प्रसाद पाठक | ना.प.से.प्रा. | पशु सेवा प्राबिधिक | नगरपालिका |

**निर्णय नं.३**:- प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धी युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा ब्यबस्थापन कार्यविधि २०७६ दफा १३ को ब्यबस्था बमोजिम यस नगरपालिकामा रिक्त रहेको सवईन्जिनियर पद १ र यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक श्री धिराज श्रेष्ठको कार्यसम्पादन सन्तोषजनक नरहेकोले २०७७ श्रावण महिनाको तलब भत्ता भुक्तानी दिई भाद्र १ गतेदेखि सेवा करार नवीकरण नगर्ने, सो को जानकारी श्रम रोजागर तथा सामाजिक सूरक्षा मन्त्रालय, प्रधानमन्त्रि रोजगार कार्यक्रममा पठाउने र यसरी रिक्त हुन आएको रोजगार संयोजकको पदपूर्ति प्रक्रिया अघि बढाउन रोजगार संयोजकको पदपूर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम सेवाकरारमा लिन सार्वजनिक सुचना प्रकाशन गर्ने कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. ०७७/७८ को बार्षिक खरिद योजना अनुसूची १ र वार्षिक कार्ययोजना स्वास्थ्यको सहित (वार्षिक कार्ययोजना क्यालेन्डर) अनुसूची २ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :-** प्रस्ताव नं.५ माथि छलफल गर्दा चालु आ.व. ०७७/७८ मा उपभोक्ता समिति मार्फत कार्यान्वन गरिने आयोजनाहरुको लागि प्रत्येक वडाले २०७७ भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गरिसक्ने गरी कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:-**प्रस्ताव नं.६ माथि छलफल गर्दा यस नगरपालिकाको सदस्य / नगर सभा सदस्यहरुको क्षमता अभिवृदी गर्ने नीति बमोजिम प्रत्येक वडाका एकजना नगर कार्यपालिका

सदस्य / नगर सभा सदस्यलाई १५ दिने आधारभूत कम्पुटर तालिम संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं.७ बिबिध:-**

७ (क) यस कार्यालयमा बिभिन्न निकायबाट करारमा नियुक्त कार्यारत जनशक्तिहरुको सेवा करार अवधि नाबिकारण गर्न लेखि आएकोले तपशिल बमोजिमका जनशक्तिहरुको सेवा करार अवधि नाबिकरण गरी सम्बन्धित निकायलाई जानकारी गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

(१) सूचना प्रबिधि अधिकृत (IT OFFICER) किरण दाहालको आधारभूत पारिश्रमिकको (७५%) PLGSP बाट प्राप्त हुने शुनिस्चित भएकोले आधारभूत पारिश्रमिक नपुग हुने रकम तथा चाडपर्व खर्च र पोशाक यस नगरपालिकाबाट व्यहोरिने ।

**(२)** एकगाउँ एक प्राबिधिक कार्यक्रम अन्तर्गत नियुक्त भएका पशु सेवा प्राबिधिक ना.प.से.प्रा. नवराज दाहालको आधारभूत पारिश्रमिकको (५०%) कृषि तथा पशुसेवा मन्त्रालयबाट प्राप्त हुने शुनिस्चित भएकोले आधारभूत पारिश्रमिकमा नपुग हुने रकम तथा चाडपर्व खर्च र पोशाक यस नगरपालिकाबाट व्यहोरिने ।

**(३)** राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभागको SSSPRC परियोजना अन्तरगर्त एम. आई. एस. अपरेटर र फिल्ड सहायकको कार्य सन्तोषजनक भएकोले (एक बर्ष )०७७/०४/०१ गतेदेखि २०७८ असर मसान्तसम्मका लागि सेवा करार अवधि थप गरी सम्बन्धित निकायमा पारिश्रमिकको लागि जानकारी जानकारी गराउने ।

(४) सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम एक विद्यालय एक नर्स कार्यक्रम बाट करार गरिएका बिद्यालय नर्स सन्तोषी कार्कीको कार्य सन्तोषजनक भएकोले (एक बर्ष )०७७/०४/०१ गतेदेखि २०७८ असर मसान्तसम्मका लागि सेवा करार अवधि थप गरी सम्बन्धित निकायमा पारिश्रमिकको लागि जानकारी जानकारी गराउने

**७ (ख)** यस नगरपालिकाको स्वामित्वमा रहेको पाखलती स्नान गृहमा ब्यबसाय संचालन गर्दै आएका ब्यबसायीहरुले कोरोना माहामारी कोभिड-१९ कारण आफ्नो ब्यबसाय बन्द रहेकोले घर बहाल छुट्का लागि अनुरोध गरेकोमा नेपाल सरकारले बन्दाबन्दी घोषणा गरेको अवधि मध्ये दुई महिना बराबरको घर बहाल छुट दिने निर्णय गरियो ।

**७ (ग)** यस नगरपालिकाका बिभिन्न शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य शाखामा कार्यरत स.क.अ./अ.न.मी. /अ.हे.व.हरुको सेवालाई प्रभावकारी बनाई घरदैलो सुत्केरी स्वास्थ्य जाँच (PNC) सेवा सक्रिय बनाउन निजहरुले खाईपाई आएको मासिक पारिश्रमिक सम्बन्धित शिर्षकहरुमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी मासिक रु १६,०००/-( सोह्र हजार)

र चाडपर्व खर्च तथा पोशाक भत्ता उपलब्ध गराउने गरी सेवा करार २०७७ श्रावण १ गतेदेखि २०७७ पौष मसान्तसम्मका लागि नवीकरण गर्ने निर्णय गरियो ।

| क्र.स. | जनशक्ति नाम | पद | कार्यरत स्वा.के. | खर्चको श्रोत |
|---|---|---|---|---|
| १ | सपना उप्रेती | अहेव | जिलु आ. स्वा.के. | संघीय सशर्त |
| २ | सबिना सापकोटा | अनमी | जिलु आ. स्वा.के. | संघीय सशर्त |
| ३ | संगीता तामांग | अहेव | राम्पा श. स्वा.के. | नगरपालिका |
| ४ | सोममाया तामांग, | अनमी | राम्पा श. स्वा.के. | नगरपालिका |
| ५ | पन्जु तामांग | अहेव | डिल ढुङ्गा श.स्वा.के. | नगरपालिका |
| ६ | बिन्दया श्रेष्ठ | अनमी | डिल ढुङ्गा श.स्वा.के. | नगरपालिका |
| ७ | मेनुका बुढाथोकी | अहेव | किरातिछाप श,स्वा.के. | नगरपालिका |
| ८ | सावित्री खड्का | अहेव | कुप्री श.स्वा.के. | नगरपालिका |
| ९ | गंगा थापा | अनमी | कुप्री श.स्वा.के. | नगरपालिका |
| १० | अम्बिका घिसिंङ | अहेव | खरि ढुङ्गा श.स्व.के. | नगरपालिका |
| ११ | सरिता श्रेष्ठ | अनमी | खरि ढुङ्गा श.स्व.के. | नगरपालिका |
| १२ | लक्ष्मी श्रेष्ठ | अहेव | खरि ढुङ्गा श.स्व.के. | प्रदेश शसर्त |
| १३ | सुजन प्र.न्यौपाने | स.क.अ. | न.पा. स्वा.शाखा | नगरपालिका |

**निर्णय नं. ८ :-** यस नगरपालिकामा न्यायिक समितिको कार्य सहजीकरण गर्न बागमती प्रदेश सरकार ,आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौडाबाट कानुनी सहजकर्ता नियुक्ति भई २०७६ भाद्र महिना देखि नियमित कामकाज गर्दै आउनु भएका श्री शान्ता बस्नेत श्रेष्ठ ऐ. मन्त्रालयको च.नं. १६१४, मिति २०७७/०३/१५ को पत्रबाट कानुनी सहजकर्ता सेवालाई आवश्यकता अनुसार यस कार्यालयबाटै ब्यबस्थापन गर्न लेखि आएको छ।

नगरपालिकाबाट जनशक्ति आपूर्ति गर्दा स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोगलाई लेखि पठाउने प्रावधान छ । यस नगरपालिकाको स्वीकृत संगठन तथा ब्यबस्थापन सर्वेक्षण प्रतिवेदनमा कानून अधिकृतको दरवन्दी छ।

प्रदेश सरकारबाट नियुक्ति भई आएका कानुनी सहजकर्ताको सेवा करार सकिएको भएपनि न्यायिक समितिमा कार्यबोझ रहेको छ। न्यायिक समितिको कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न स्थायी पदपूर्ति वा अन्य ब्यबस्था नभएसम्म बढीमा २०७७ पौष मसान्तसम्म ६ महिनाका लागि साबिक बमोजिमकै सुबिधा भुक्तानी गर्ने गरी कानुनी सहजकर्ता श्री शान्ता बस्नेत श्रेष्ठको सेवा करार थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ :-** बिगतमा संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतका सामाजिक परिचालिका न्यूनतम पारिश्रमिकमा कार्यालय सहयोगीका रुपमा कामकाज गर्दै आईरहेका कल्पना बुढाथोकी वडा नं . ५ र निर्मला बस्नेत वडा नं . ७ लाई सहायक स्तर पहिलो तहको सेवा सुबिधा भुक्तानी हुनेगरी २०७७ पौष मसान्तसम्मका लागि सेवा करार नवीकरण गर्ने र विगतको अतिविपन्न नागरिकहरुको सहभागितामा गठित नागरिक सचेतना केन्द्र मार्फतको बिउपूजी परिचालन गर्दै सामुदायिक विकासद्वारा गरिवी न्यूनिकरण कार्यक्रमलाई सबलीकरण गर्ने निर्णय गरियो।